# कर्णाली प्रदेश सरकार

मा.सीता कुमारी नेपाली
मन्त्री
आन्तरिक मामिला,कानून,युवा तथा खेलकुद मन्त्रालय
वीरेन्द्रनगर,सुर्खेत,नेपाल

प.सं. :
च.नं. :

मितिः २०७८।०२।११

**कर्णाली प्रदेश सरकार,मन्त्रिपरिषद्को मिति २०७८ साल जेठ१०गते सोमबार को बैठकबाट भएका निर्णयहरु**

| क्र.सं | सम्बन्धित मन्त्रालय | निर्णय |
|---|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | कर्णाली प्रदेश सरकारको प्रवक्तामा माननीय आन्तरिक मामिला, कानून, युवा तथा खेलकुद मन्त्री श्री सीता कुमारी नेपालीलाई तोक्ने। |
| २. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | कर्णाली प्रदेश सरकार अन्तर्गतका निकायहरुबाट गत आ.व. ०७६/०७७ को वार्षिक योजनामा समावेश भई कार्य भएका तर कोभिड-१९ महामारीका कारण भुक्तानी हुन नसकेका योजनाहरुको प्राविधिक मूल्याँकन गरी यस आ.व. को स्वीकृत बजेटबाट भुक्तानी दिने। |
| ३. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | कोभिड-१९ महामारी रोग प्रतिकार्य व्यवस्थापनमा आईपर्ने तत्कालका शव व्यवस्थापन, अक्सीजन व्यवस्थापन तथा समुदाय परिचालन लगायतका सहयोगका कार्यहरु संचालनका लागि माननीय मुख्यमन्त्रीज्यूको संरक्षकत्वमा स्वयंसेवक परिचालन गर्ने सम्बन्धमा सामाजिक विकास मन्त्रालयले आवश्यक कार्य/प्रस्ताव गर्न स्वीकृति दिने। |
| ४. | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | खाद्य प्रविधि तथा व्यापार कम्पनी लिमिटेड, प्रादेशिक कार्यालय सुर्खेतलाई कूल ८३०० क्वीन्टल खाद्यान्न ढुवानीका लागि रु. २४७९८८३३ (अक्षेरुपी दुई करोड सत्तचालिस लाख अन्ठानव्बे हजार आठ सय तेत्तीस) रकम अनुदान उपलब्ध गराउन उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयलाई स्वीकृति प्रदान गर्ने । |
| ५. | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | खाद्यान्न खरिदका लागि कालिकोट र डोल्पा जिल्लाका स्थानीय तहहरुलाई रकम हस्तान्तरण गर्न उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयलाई स्वीकृति प्रदान गर्ने र स्थानीय तहहरुले सम्वन्धित जिल्ला अदक्ष कामदारको जिल्ला दररेट अनुसार काम गरेको कार्यदिनको आधारमा उपलब्ध गराउने खाद्यान्न (चामल) को मापदण्ड बनाई खाद्यान्न वितरण गर्ने । |
| ६. | भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय | कर्णाली प्रदेश जलस्रोतको एकीकृत उपयोग,व्यवस्थापन तथा संरक्षण नीति, २०७८ मा स्वीकृति प्रदान गर्ने । |
| ७. | सामाजिक विकास मन्त्रालय | हाल कर्णाली प्रदेश र स्थानीय तहका स्वास्थ्य संस्थाहरुमा छात्रवृत्ति करारमा कार्यरत विशेषज्ञ चिकित्सक र मेडिकल अधिकृतहरुको करार म्याद समाप्त भएको मिति देखि मिति २०७८ असार मसान्तसम्म थप गर्ने । |
| ८. | सामाजिक विकास मन्त्रालय | रिक्त दरवन्दीमा चिकित्सक तथा स्वास्थ्यकर्मी व्यवस्थापन गर्ने । |
| ९. | सामाजिक विकास मन्त्रालय | प्रदेश भित्रै अक्सिजनको दीगो र भरपर्दो आपूर्तिलाई सुनिश्चित गर्न स्वास्थ्य सेवा निर्देशनालय, सुर्खेत र स्वास्थ्य सेवा कार्यालय, कालिकोटमा पर्याप्त क्षमताको रिफिलिङ सिस्टम सहितको अक्सिजन प्लान्ट स्थापना गर्नको लागि कर्णाली प्रदेश सरकारले स्वास्थ्य सेवा निर्देशनालय, सुर्खेतलाई रु.१ (एक) करोड २० (बीस) लाख र स्वास्थ्य सेवा कार्यालय, कालिकोटलाई रु.८० (असी) लाख थप रकम उपलब्ध गराउने । |

सीता कुमारी नेपाली
प्रवक्ता, प्रदेश सरकार

टेलिफोन नं.: ०८३-५२५७५०(कार्यालय), Email: nsita87@gmail.com , Web: www.moial.karnali.gov.np